नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

प.स. : ०७७/०७८
च.नं. :

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.com

## जिल्ला प्रशासन कार्यालय, सर्लाहीको जुवातास, मदिरा र गैरकानूनी व्यापार व्यवसायसम्बन्धी अत्यन्त जरूरी सूचना

शान्ति, सुरक्षा एवम् सुव्यवस्था कायम गर्न सुशासन एवम् विधिको शासनलाई मूल साध्य बनाई जिल्ला प्रशासन कार्यालय, सर्लाहीले आफ्नो भावी कार्यदिशालाई अग्रगति दिएको व्यहोरा सबैमा सहर्ष जानकारी गराउँदछु । प्रमुख जिल्ला अधिकारीज्यू तथा यस कार्यालयका कर्मचारीहरूमा विभिन्न माध्यमबाट प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा जुवातास, मदिरा र गैरकानूनी व्यापार व्यावसायको रोकथामका सम्बन्धमा आवश्यक व्यवस्था गर्न अनुरोध भई आएको हुँदा पूर्वजानकारी गराई कसैलाई पनि सुध्रने मौका नदिइएको भन्ने गुनासो भविष्यमा नआउने प्रबन्ध गरी स्वत:स्फूर्त रूपले कामकारवाही गर्न अत्यन्त जरूरी भई यो सूचना सार्वजनिक गरिएको छ ।

### प्रहरी/प्रशासनबाट हुने क्रमबद्ध कारवाही

- प्रहरीमार्फत सूचना सङ्कलन गरी सम्लग्न व्यक्ति/समूह/पक्षलाई तुरुन्त नियन्त्रणमा लिने;
- कानूनबमोजिमको प्रक्रिया पुऱ्याई मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्ने;
- निष्पक्षता, तटस्थता र सदाचारिता कायम गर्दै कानूनबमोजिम त्यस्ता गैरकानूनी कार्य गर्नेलाई कारवाही गर्ने ।

### जिल्ला प्रशासन कार्यालय, सर्लाहीको अनुरोध

- सबै गैरसरकारी संस्था, नागरिक समाज, सामुदायिक संस्था र समाजसेवी महानुभावले जनचेतनामूलक कार्य गर्नु हुन;
- सबै किसिमका सञ्चार माध्यमले उच्च प्राथमिकतामा राखी यस्ता सूचनालाई सार्वजनिकीकरण गरिदिनु हुन;
- त्यस्ता गैरकानूनी कार्य भइरहेको जानकारी भएमा जिल्ला प्रशासन वा प्रहरीमा तुरुन्त खबर गर्नु हुन;
- त्यस्ता जानकारी दिने व्यक्तिको परिचय गोप्य राख्ने व्यवस्था मिलाइने व्यहोरा अवगत गर्नु/गराउनु हुन;
- प्रहरी कर्मचारीले यसै सूचनालाई आदेश मानी कानूनबमोजिम कारवाही गर्न उच्च प्राथमिकतामा राखी कार्य गर्नु हुन ।

*उजुरी/गुनासो/निवेदनका लागि सम्पर्क नम्बर/इमेल : ९८५४०३८०४५, ०४६-५२०१०६, ०४६-५२०१७७/ dao.sarlahi@gmail.com*
*शान्ति सुरक्षा/इमर्जेन्सीका लागि सम्पर्क नं : प्रहरी कन्ट्रोल १००, जिल्ला प्रहरी कार्यालयको मो नं ९८५४०५६२२२*

मिति : २०७७/११/२९

हेमराज ता...
प्रमुख जिल्ला अधिकारी

**"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"**

*जिल्ला प्रशासन कार्यालय, सर्लाहीको महत्त्वपूर्ण सूचना, जानकारी, निर्णय, आदेश कार्यालयको वेभसाइट daosarlahi.moha.gov.np मा नियमित रूपमा हेर्नु हुन तथा कुनै उजुरी, गुनासो र निवेदन गर्नुपर्ने भएमा कार्यालयको इमेल dao.sarlahi@gmail.com मा पठाउनु हुन अनुरोध छ ।*

CS Scanned with CamScanner